# बर्दघाट नगरपालिका

**नवलपरासी जिल्ला,**
**लुम्बिनी प्रदेश, नेपाल**

## स्थानीय राजपत्र


| खण्ड १ | अंक: १ | आषाढ, ३२ गते २०८३ साल | (संख्या: ४) |
|---|---|---|---|


### भाग-१

नगर सभाको मितिः २०८३/०३/२९ मा स्वीकृत भएको देहाय वमोजिमको ऐन स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

बर्दघाट नगरपालिकाको

विनियोजन ऐन,, २०८३

बर्दघाट नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को सेवा र कार्यहरुको लागि स्थानिय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः बर्दघाट नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम बर्दघाट नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम बर्दघाट नगरपालिकाको विनियोजन ऐन, २०८३ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०८३।०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०८३।०८४ को निमित्त नगरकार्यपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त  चालू खर्च रु ६१  करोड ६२ लाख ५० हजार र पूँजिगत खर्च रु ३२ करोड  ७७ लाख ५० हजार  समेत गरी जम्मा रकम ९४ करोड ४० लाखमा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८३।०८४ को निमित्त बर्दघाट नगरपालिकाको नगरकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा  लेखिएको भए तापनि विपद व्यवस्थापनमा  विनियोजित बजेट अपुग हुने भएमा शसर्त वाहेकका चालु र पूंजिगत योजना तथा कार्यक्रममा विनियोजित रकम मध्येबाट रकमान्तर गरि प्रकोप व्यवस्थापन कोषमा रकमान्तर गर्न सकिने छ । कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षककाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय व्यवस्थापतर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तिय व्यवस्था अन्रतग साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालू तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उक्त शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ।

(४) यस ऐनको कार्यान्वयन गर्न आवश्यक कार्यविधि, मापदण्ड र निर्देशिका कार्यपालिकाले जारी गर्न सक्नेछ ।

**आज्ञाले,**

(**बाबुराम पौडेल**)

**प्रमुख प्रशासकीय अधिकृत**